


एउटै पढे पुग्छ

# समाधान

samadhannews.com
राष्ट्रिय दैनिक




# ट्याक्सी चढ्नेबित्तिकै ८० रुपैयाँ

**सञ्जय रानाभाट**
पोखरा, ४ माघ

गण्डकी प्रदेशमा लामो दूरीका बस, नगरबस, ट्रक, जिप, ट्याक्सीको भाडा समायोजन भएको छ । माघ ३ गते बसेको मन्त्रिस्तरीय बैठकले भाडा समायोजन गरेको भौतिक पूर्वाधार मन्त्री कुमार खड्काले बताए ।

प्रदेश सरकारले लामो दूरीका बसमा २३.५१, नगर बसको हकमा २२.५५, ट्रकको हकमा १४.५७, जिपमा ५.५० प्रतिशत बढाएर भाडा समायोजन हो । ट्याक्सीको हकमा भने सरकारले १५ किलोमिटरको यात्रामा चढ्नेबित्तिकै (फ्लाग डाउन) रेट ८० रुपैयाँ तोकेको छ । प्रति २ सय मिटरको १० रुपैयाँका दरले थप हुने गरी भाडा कायम गरिएको सरकारका प्रवक्तासमेत रहेका मन्त्री खड्काले बताए । 'यो हिजो नियममा भएको भाडाभन्दा बढी हो । तर, व्यवहारमा नागरिकले तिरिरहेकोभन्दा कम हुन आउँछ,' खड्काले भने ।

सवारी साधन चलाउँदा केही मापदण्ड र अनुशासन चाहिने उनले बताए । ट्याक्सी चालकले तत्कालै एउटा निश्चित समयभित्र मिटर राख्नुपर्ने, नयाँ ट्यक्सीले बिलसहितको मिटर राख्नुपर्ने र जिपियस सिस्टम जडान गर्नुपर्ने भएको छ । गण्डकीमा ट्याक्सी चालकका लागि पोशाक तोकिने भएको छ । आन्तर्राष्ट्रिय मान्यता प्राप्त गर्ने मापदण्ड र ऐनले तोकेको रंगको व्यवस्था गर्न लगाइने उनले बताए ।

भाडा समायोजनले सेवाग्राहीले अझ राम्रो सेवा पाउने र सञ्चालकले पनि सम्मानित भएर व्यवसाय सञ्चालन गर्न सक्ने उनले बताए । 'ट्याक्सी प्रयोग गर्ने सेवाग्राहीलाई सवारी साधनको नम्बर, चालकको सम्पर्क नम्बरसहितको विवरण भएको भिजिटिङ कार्ड उपलब्ध गराउनुपर्ने छ,' उनले भने, 'यसले ट्याक्सीमा छुटेको सामान सुरक्षित हुनेछ भने प्रहरीलाई सूचना दिन सजिलो हुन्छ । नियमित रूपमा सरसफाइ गरी लैंगिक विभेदरहित सेवाग्राहीमैत्री व्यवहार गर्नुपर्ने हुन्छ ।'



**कति बढ्यो गाडीभाडा ?**

| | |
|---|---|
| लामो दूरीका बस | २३.५% |
| नगर बस | २२.५५% |
| ट्रक | १४.५७% |
| जिप | ५.५०% |

यसअघि २०७८ असार ७ गते सरकारले लामो दूरीमा चल्ने सार्वजनिक यातायातको भाडा बढाएको थियो । पेट्रोलियम पदार्थ र गाडीका पार्टपुर्जाको मूल्यवृद्धिलाई आधार बनाएर सरकारले २० देखि २८ प्रतिशतसम्म भाडा वृद्धि गरेको थियो । सरकारले २०७५ सालमा बनाएको वैज्ञानिक भाडा समायोजनको नियम अनुसार इन्धनको मूल्यलाई ३५ र पार्टपुर्जासहितका अन्य खर्चलाई ६५ प्रतिशत मानी भाडादर निर्धारण गर्ने गरिन्छ । त्यति बेला ट्याक्सीमा १० प्रतिशत भाडा बढेको थियो । यसपछि ट्याक्सीको भाडा समायोजन भएको थिएन । प्रदेशभित्र चल्ने सवारीको भाडादर समायोजन प्रदेशले गर्न पाउँछन् ।

भाडादर समायोजनका लागि गण्डकी प्रदेशमा भौतिक पूर्वाधार सहरी विकास तथा यातायात व्यवस्था मन्त्रालयका सचिवको संयोजकत्वमा सिफारिस समिति बनेको थियो । त्यो समितिले दिएका प्रतिवेदनको आधारमा गण्डकी प्रदेशमा भाडा समायोजन गरिएको हो । ट्याक्सी व्यवसाय समिति पोखरा अध्यक्ष प्रकाशमणि तिवारीले सरकारले लागु गरेको नियमभित्र रहेर ट्याक्सी व्यवसाय सञ्चालन गर्ने प्रतिवद्धता जनाए । 'सरकारले लामो समयदेखि भाडा समायोजन गर्न सकेको थिएन । यसले सबै ट्याक्सी व्यवसायीलाई खुसी बनाएको छ । बिमति रहेका केही कुरा पनि छन् । हामी मन्त्रालयमा गएर समाधान गर्छौं,' उनले भने, 'तत्कालै बिलिङ मिटर, जिपिएस राख्ने कुरा असम्भव छ । सरकारले नियम बनाइदिएको छ । यसलाई विस्तारै कार्यान्वयन गर्छौं ।' जिपियस र बिलिङ मिटर राख्न कास्कीमा रहेका २ हजार २ सय ट्याक्सीलाई सरकारले सहयोग गर्नुपर्ने उनले सुनाए ।

२० वर्षदेखि ट्याक्सी चलाउँदै आएका जित परियारले सरकारले ल्याएको भाडा समायोजनले खुसी बनाएको सुनाए । 'अहिलेसम्म हामी अपराधी जस्तो भएका थियौं । मिटरमा नहिड्ने, तिर्नेलाई पनि मैले बढी तिरेजस्तो हुने । **बाँकी पृष्ठ ४**

# गण्डकी रत्न सम्मानका लागि निवेदन आह्वान

**समाधान संवाददाता**
पोखरा, ४ माघ

गण्डकी प्रदेश सरकारले विशिष्ट व्यक्ति सम्मानका लागि निवेदन आह्वान गरेको छ । आन्तरिक मामिला मन्त्रालयले मंगलबार सूचना प्रकाशित गरी निवेदन मागेको हो ।

यसअघि सरकारले विशिष्ट व्यक्ति सम्मान गर्ने सम्बन्धी कार्यविधि बनाएको थियो । उक्त कार्यविधि बमोजिम प्रदेशका विशिष्ट व्यक्तिलाई सम्मान गर्ने उद्देश्यले सरकारले निवेदन मागेको हो । गण्डकी प्रदेशको श्रीवृद्धि र गौरव बढाउने गरी विभिन्न क्षेत्रमा विशिष्ट योगदान पुयाएका व्यक्तिहरुलाई प्रदेश सरकारद्वारा विशिष्ट व्यक्ति सम्मान प्रदान गर्ने गरी कार्यविधि बनेको छ ।

'उत्कृष्ट कार्य गरी प्रदेशको श्रीवृद्धि र गौरव बढाउन विशिष्ट योगदान पुऱ्याएको छु भन्ने लागेमा आफूले पुऱ्याएको योगदानको विवरण १५ दिनभित्र आन्तरिक मामिला मन्त्रालय, गण्डकी प्रदेशमा पेश गर्नु हुन,' मंगलबार प्रकाशित सूचनामा भनिएको छ । विशिष्ट व्यक्ति सम्मान गर्ने सम्बन्धी कार्यविधि २०७८ मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गण्डकी प्रदेशको बेबसाइटमा रहेको समेत जनाइएको छ ।

गण्डकी प्रदेश सरकारले विभिन्न क्षेत्रमा उल्लेख योगदान गर्ने व्यक्तित्वलाई 'गण्डकी रत्न' पुरस्कार प्रदान गर्ने कार्यविधि हालै पारित गरेको थियो । प्रदेशभित्र शिक्षा, स्वास्थ्य, खेलकुद, कृषि, उद्योग, विज्ञान, पर्यटन, पूर्वाधार, विज्ञान, प्रविधि, समाजसेवा लगायतमा क्षेत्रमा उल्लेख्य योगदान गरी प्रदेशको गरिमा बढाउने व्यक्तित्वलाई सम्मान गर्ने कार्यविधिमा उल्लेख छ ।


पुस २६ गते बसेको मन्त्रिपरिद् बैठकले विशिष्ट व्यक्ति सम्मान गर्ने कार्यविधि २०७८ स्वीकृत गरेको थियो । गण्डकी रत्न प्रदेशकै सर्वाधिक ठूलो हुने सरकारको भनाइ छ । निवेदकमध्येबाट सिफारिस गर्नका लागि क्याबिनेटले समिति पनि बनाएको छ । समितिले सिफारिस गरेपछि यसलाई मन्त्रिपरिषद्ले अनुमोदन गर्ने छ ।

**सम्मानितले सार्वजनिक सभा, समारोहमा प्रदेश सांसदसरह मर्यादाक्रम पाउनेछन्**

प्रदेशबाट विशिष्ट व्यक्ति छनोट गर्न सिफारिस समिति अध्यक्षमा मन्त्रिपरिषद्का वरिष्ठ मन्त्री अध्यक्ष रहने व्यवस्था छ । सदस्यमा अर्थ र आन्तरिक मामिला मन्त्री, प्रमुख सचिव र आन्तरिक मामिलाका सचिव सदस्य सचिव रहने गरी समिति बनेको हो । समितिले बढीमा ३ जनालाई छनोट गर्ने छ । यो सम्मान प्राप्त भएपछि राज्यले प्रमाणपत्र, तक्मा तत्कालका लागि दिन्छ ।

सम्मानितले सार्वजनिक सभा, समारोहमा प्रदेश सभा सदस्य सांसद सरह मर्यादाक्रम पाउनेछन् । प्रदेश अस्पतालमा प्राप्त सुविधा निशुल्क उपलब्ध गराइनेछ । गण्डकी रत्न प्राप्त व्यक्ति संरक्षणविहीन बन्नुपर्ने अवस्था आएमा संरक्षणको दायित्व राज्यले लिनेछ । गण्डकी रत्न पाउनेले प्रदेशभित्र रहेका विमानस्थलको अति विशिष्ठ कक्ष प्रयोग गर्न पाउने छन् ।

# कास्कीमा १२ सय सक्रिय संक्रमित




पोखरा, ४ माघ (समाधान)- कास्कीमा सोमबारसम्म सक्रिय संक्रमित १ हजार २ सय १६ पुगेका छन् । स्वास्थय निर्देशनालय गण्डकी प्रदेशका अनुसार पछिल्लो २४ घण्टामा गरिएको परीक्षणमा प्रदेशभर ६ सय २६ जनामा संक्रमण पुष्टि हुँदा कास्कीमा मात्रै ३ सय ४७ संक्रमित थपिए ।

संक्रमित हुनेमा स्याङ्जाका ६९, लमजुङमा, तनहुँमा ४१, बागलुङमा ३८, नवलपुर २६, म्याग्दीमा २५, गोरखामा २२, पर्वतमा ७ र मुस्ताङमा १ जना छन् । कास्कीसहित प्रदेशभर नै संक्रमणको जोखिममा बढ्दै गएको छ ।

गण्डकीमा २ हजार १ सय २० सक्रिय संक्रमित छन् । पछिल्लो २४ घण्टामा १६ जना संक्रमण मुक्त भएका छन् । हाल प्रदेशभर २ हजार ६८ संक्रमित होम आइसोलेसनमा छन् । अस्पतालमा ५२ संक्रमित रहेको निर्देशनालयले जनाएको छ । हाइडिपेन्डेन्सी युनिटमा १४, आइसियुमा १७ र साधारण बेडतर्फ २१ संक्रमित छन् ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका अनुसार पछिल्लो २४ घण्टामा देशभर १० हजार २ सय ५८ कोभिड संक्रमित थपिएका छन् । संक्रमण मुक्त हुनेको संख्या ५ सय ६२ रहँदा १ को मृत्यु भएको छ । पछिल्लो २४ घण्टामा २ लाख १३ हजार १ सय ४८ व्यक्तिले खेप लगाएको मन्त्रालयको विज्ञप्तिमा उल्लेख छ ।






## सम्पादकीय

# उकालो लाग्दै कोभिड संक्रमण

हप्ता दिनको अवधीमै नेपालमा कोभिड १९को संक्रमणदर ५ गुणाले बढेको छ । पुसको अन्तिम साताको तुलनामा माघको पहिलो सातामा कोभिड १९को सक्रमणदर त्यति गुणाले बढेको हो । पुसको अन्तिम सातामा दिनहुँ २ हजारको दरले संक्रमित थपिएका थिए । मंगलबारमात्र नेपालका १० हजार संक्रमित थपिएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको तथ्यांकमा उल्लेख छ । पुसका तेस्रो साता नेपालमा दिनहुँ ४ सय २५को हाराहारीमा संक्रमित थिए ।

नेपालमा हरेक दुई दिनमा कोभिड संक्रमण दोब्बर हुने गतिमा बढ्दै एक साता मै तेब्बरहुँदै ५ गुणासम्म बढेको छ । कोरोनाको तेस्रो लहरको व्यापक विस्तार हुन लाग्नुमा भाइरसको नयाँ भेरिएन्ट ओमिक्रोनलाई प्रमुख कारण मानिएको छ । अहिलेकै गतिमा संक्रमण विस्तार भएको खण्डमा तेस्रो लहर उत्कर्षमा पुग्दा-नपुग्दै मुलुकको करिब ४० प्रतिशतभन्दा बढी जनसंख्या अर्थात् १ करोड २१ लाख ५१ हजार २ सय २२ जना संक्रमित हुने विज्ञहरुको अनुमान छ । पछिल्ला दिनमा दिनहुँ थपिएका संक्रमितमध्ये करिब २५ प्रतिशत भन्दा बढीमा ओमिक्रोन भेरिएन्ट पाइएको छ । अब परीक्षणमा एस-जिन नेगेटिभ आउनेलाई ओमिक्रोन नै मान्नुपर्ने अवस्था समेत देखिएको छ । ओमिक्रोन भित्रभित्रै फैलिँदै समुदायमा गइसकेको छ । पछिल्लो समययमा स्वास्थ्यकर्मी समेत धमाधम संक्रमित भएका छन् । असोज १५ देखि कोभिडको तेस्रो लहर आउन सक्ने चेतावनी सरकारी निकायलगायत विज्ञहरूले दिँदै आएका थिए । औपचारिक रुपमा घोषणा नभएपनि संक्रमणदर उच्च हुनुलाई कोभिड १९को तेस्रो लहर सुरुवातको रुपमा बुझ्न सकिन्छ । कोभिड-१९ को तेस्रो लहरमा संक्रमित भएकाहरू सरदर तीनदेखि पाँच दिनमा निको भएका छन । खोप नलगाएका र पूर्ण मात्रा लिएको ६ महिनाभन्दा बढी भइसकेका व्यक्तिमा केही जटिलता देखिएको छ । त्यसैले अग्रपंक्तीमा खटिएको स्वास्थ्यकर्मी, सुरक्षाकर्मी तथा ज्येष्ठ नागरिकलाई थालेको बुष्टर खोप लगाउने अभियानलाई व्यापक तथा विस्तार गर्नु जरुरी छ ।

पछिल्लो भेरिएन्ट ओमिक्रोनले धेरैजसोको फोक्सो नभई माथिल्लो श्वासनलीमा संक्रमण गराएर घाँटीमा खसखस, खोकी व्यापक रूपमा गराए पनि यसपटक अस्पताल भर्ना भएकालाई खासै बढी अक्सिजनको आवश्यकता परेको छैन । संक्रमितलाई ज्वरोसमेत निम्नमध्यम स्तर अर्थात् सरदर ९९ डिग्री देखि सय डिग्री सम्म आउने गरेको छ । पहिलो र दोस्रो लहरताका संक्रमितहरू सामान्यत: १० दिनदेखि १४ सम्ममा निको हुने गरे पनि हाल औसत ३ देखि ५ दिनसम्ममा निको हुने गरेका छन् । पहिलो र दोस्रो लहरताका रुघाखोकीको लक्षण भएकालाई सामान्यतया कोभिड नभएको बुझिने गरिए पनि तेस्रो लहरमा प्राय: सबैजसो संक्रमितमा रुघाखोकीको लक्षण देखिएको छ । दोस्रो लहरमा संक्रमणपछि स्वाद र गन्ध हराउने समस्यासमेत देखिए पनि तेस्रो लहरमा यो समस्या खासै देखिएको छैन । हाल सामान्य र मध्यम लक्षण देखिएका करिब ९० प्रतिशतभन्दा बढी घरकै सामान्य स्याहारमा निको भइरहेको आंकलन गरिएको छ । तरपनि पहिलो र दोस्रो लहरको जस्तो जोखिमपूर्ण नभएको ठानेर लापर्वाही गर्नु कदापी हुदैन । समयमै सावधानी नअपनाए महामारी तथा भयाभहको रुप लिन सक्छ । त्यसैले सबैले थप स्वास्थ्य सतर्कता अपनाउनु आवश्यक छ ।

## भोलिको पञ्चाङ्ग

श्रीसूर्य उत्तरायणं, शिशिरर्तु:, राक्षस नाम संवत्सर, श्रीशाके १९४३, सम्वत २०७८ साल माघ ६ गते बिहीबार नेपालसम्बत ११४२ पोहेलागा सन् २०२२ जनवरी २० तारिक कृष्णपक्ष द्वितीया तिथि प्रात: ७ वजेर १५ मिनेटसम्म, अश्लेषा नक्षत्र प्रात: ८ वजेर ३ मिनेटसम्म, आयुष्मानयोग, गरकरण, आनन्दादियोग अमृत, सूर्य मकर राशिमा, चन्द्रमा प्रात: ८ वजेर ३ मिनेटसम्म कर्कट उप्रान्त तुला राशीमा ।


## राशिफल




वेदनिधि तिमिल्सिना
सम्पर्क : ९८५६०२६३९७
Gmail: gurupatrakar@gmail.com

- **मेष** ▪ भौतिक सम्पतिको नास,आफन्तबाट विश्वास घात ।
- **वृष** ▪ प्रयत्नबाट नयाँ काम हात पार्न सकिनेछ ।
- **मिथुन** ▪ आफन्तले धोका दिन सक्छन्, स्वास्थ्यमा समस्या ।
- **कर्कट** ▪ सामान्य मेहनतबाट नै आज काम बन्ने छन् ।
- **सिंह** ▪ जोखिमपूर्ण काममा हात नहाल्नु होला, खर्च बढ्नेछ ।
- **कन्या** ▪ समयमा गरेका कामबाट लाभान्वित हुनुहुनेछ ।
- **तुला** ▪ नोकरी तथा राजनीतिमा सफलता मिल्नेछ ।
- **वृश्चिक** ▪ तनावमा कमी आउने, अरुका काममा समय खर्च
- **धनु** ▪ स्वास्थ्यमा थप जटिलता आउन सक्ने सम्भावना ।
- **मकर** ▪ यात्राको योग, व्यापारबाट आय आर्जन बढ्नेछ ।
- **कुम्भ** ▪ गरेका कामबाट राम्रै उपलब्धि हात लाग्नेछ ।
- **मीन** ▪ थोरै लाभ, पढाई लेखाईमा सामान्य प्रगति हुनेछ ।

# पोखरा चिनाउने शरणार्थीको कथा



**स्मीता अधिकारी**




उति बेला तिब्बतबाट हिँडेरै मुस्ताङको लोमान्थाङ हुँदै पोखरा झर्दा बाटोमै जन्मिएकी आफ्नी आमाको कथाले ३८ वर्षीय सिसी छोइडेनलाइ आज पनि झस्काउँछ । तिब्बतदेखि करिब एक हप्ताको पैदल यात्रापछि हिसीकी आमा मिगमार डोल्मा जन्मिइन् ।

मानव वस्तीभन्दा धेरै पर, हिउँ जमेका अनकन्टार पाखा पखेरा, न खाना, न न्यानो बास । बाटो अन्दाज गरेर जोहो गरेको खाना पनि सकिएको । त्यहाँबाट लोमान्थाङं पुग्न अझ एक दिनभर लाग्थ्यो । 'यस्तो बेला बाटोमा सुत्केरी हुनुको पीडा कल्पना पनि गर्न सकिँदैन,' हिसी सुनाउँछिन्, 'त्यही बेला समुहमा आएका केही साथीको सहयोगमा लोमान्थाङबाट नेपालीहरु आएर ठूलो सहयोग गर्नु भयो रे ।' तिब्बतदेखि पोखरा यात्राका कथा सुनाउँदै छोइडेनले भनिन्, 'सुत्केरी हजुरआमालाई हजुरवुबा र केही दुइ चार जनाको साथमा राखेर उनीहरु लोमान्थाङ पुगेर खानेकुरा र न्यानो कपडा ल्याए अनि सुत्केरीको उद्दार गरे रे ।'

उता, लोमान्थाङ भित्रन पनि सजिलो थिएन, नौला मानिस कहाँबाट आए, किन आए, लोमान्थाङका नेपाली सबै त्रसित थिए । अर्कोतिर, भाषा नमिल्ने । 'इशाराले कुरा बुझाएरै त्यहाँका नेपालीलाई आफ्नो बनाउनु भयो रे उहाँहरुले, अनि मेरो सुत्केरी हजुरआमाको उद्दार गर्नु भयो रे ।' केही बेरको अनौपचारिक कुराकानीका बीच आफ्नो विगत खुलाइन् सिसीले ।

आजभन्दा ६० वर्षअघि चीन र तिब्बतबीचको द्वन्द्वको चपेटामा परेर पोखरा छिरेका तिब्बतीयन शरणार्थीसँग लगभग उस्तै खालका कथा व्यथा छन् । पोखराको छोरेपाटन स्थित टासीलिङ क्याम्पकी बासिन्दा ६८ वर्षीय छोल्मालाई ७ वर्षको उमेरमा बुवाको बुइमा बसेर कयौं दिन यात्रा गरेको याद छ । छोल्मा भन्छिन्, 'दिनभरी हिंड्ने रात पर्न लागेपछि पाल बिछ्याएर रात गुजारेको मलाइ पनि सम्झना छ । अरु कुरा त बिर्सियो । तिब्बतबाट नेपाल छिरेपछि मुस्ताङ आएर करिब ५ वर्ष बसेपछि सन् १९६४ मा पोखरा झरेको थियो छोल्माको परिवार । पोखराको छोरेपाटन आएर करिब एक वर्ष त पालमुनि नै बित्यो । उनी भन्छिन्, 'काम पाइने आशमा दिनभर घर घर चाहथ्यौं, कतिले माया गरेर खानेकुरा, पैसा पनि दिनुहुन्थ्यो । बेलुका पालमुनि बसेर त्यही खाएर सुत्थ्यौं ।' आफूले पाएका दु:ख सम्झिँदा आँखाका डिलसम्म आएका आँसु थाम्न खोज्दै तीतो विगत सुनाइन् उनले ।

उति बेला चीन र तिब्बतबीचको राजनीतिक द्वन्द्वले निम्त्याएको त्रास छल्न छोइडेन र छोल्मा परिवार जस्तै केही तिब्बती हिंडेरै नेपाल आइपुगे । राजनीतिक तथा धार्मिक स्वतन्त्रताको खोजी गर्दै भागेर नेपाल छिरेका उनीहरु फेरि फर्किएर आफ्नो देश जान कहिल्यै पाएनन् । आजसम्म शरणार्थीको रुपमा यहाँ छन् । विद्रोहीको आक्रमणमा परिने डरले नेपालतिर भागेका उनीहरु, बाटोमा विद्रोहीले फेला पार्न नसक्ने अन्दाजले ठूला ठूला चट्टानका पाखा पहराको बाटो रोज्थे । कति बाटोमै विमार पर्दथे, कति हराउथे, कतिको मृत्यु पनि भयो । बचेखुचेकाहरु नेपाल छिरेर बिभिन्न ठाउँमा बस्न थाले । त्यसैले छोइडेन र छोइमाका जस्ता कष्टपूर्ण विगत यहाँका प्राय शरणार्थीसँग छ । राजनीतिक, सामाजिक, धार्मिक र आर्थिक संघर्ष पार गरेको इतिहास त छँदै छ, यहाँ आएर सेटल भइसकेपछि शरणार्थीको रुपमा गर्नु परेका थुप्रै आशाविहीन संघर्षका छुट्टै परिस्थिति छन् उनीहरुसँग । उनीहरु प्राय: सबैको कथा, भोगाइ र भनाइमा एउटै आशय झल्किन्छ– नेपालमा दशकौंदेखि बस्दै आएकाले माया गाँसिएको छ, यहाँको माटोमा । तर यसलाई प्रमाणित गर्ने कुनै कागजात छैन उनीहरुसँग । त्यसैले यहाँ बसेर जागिर खाने, औपचारिक व्यापार व्यवसाय गर्ने, घर जग्गा किन्ने, चार पांग्रे सवारीसाधन किन्ने लगायत बासिन्दाको रुपमा पाउनुपर्ने सुविधा लिने अधिकार छैन उनीहरुलाई । बैंक खाता खोल्न, मोबाइल नम्बर लिन र २ पांग्रे सवारी साधन किन्नसमेत पुर्खाको पालाको शरणार्थी परिचयपत्र सहित उक्त पत्र रुजु गर्ने नातेदार सबै जुटाउनुपर्छ ।

> **नेपालमा दशकौंदेखि बस्दै आएकाले माया गाँसिएको छ, यहाँको माटोसँग। तर यसलाई प्रमाणित गर्ने कुनै कागजात छैन।**

'नेपाल छोडौं, २ दिनमै फर्केर यही आउन मन लाग्छ, नछोडौं आफ्नो क्षमताको काम गर्ने अधिकार छैन,' काठमाडौंको नाम्गेल तिब्बतियन विद्यालयबाट स्नातकसम्मको पढाइ पूरा गरी पोखरा नै फर्किएका २३ वर्षीय तेन्जीङ यङले भने । उनकी हजुरआमाले सन् १९९५ मा नेपाल सरकारबाट पाएको रेफ्युजी परिचयपत्र नभेटिइएकै कारण २ वर्षदेखि कोशिस गर्दासमेत उनले बैंक खाता खोल्न र मोटरबाइक किन्न पाएका छैनन् । क्याम्पनजिकै डेभिड फल्स आसपास सोबिनियर सामग्री (पत्थर तथा रत्नका झुम्का, माला इत्यादि) बेचिरहेका भेटिन्छन् उनी दिनहुँ । उनी भन्छन्, 'उ बेला बुवा, बाजेले लेक र भोट गएर ल्याएका यिनै सामान पोखरा आउने पर्यटकलाइ फुट्कर बेचेर जति आउँछ, त्यसैले जीविकोपार्जन धान्छु ।'

दक्षिण भारतको ब्यालाकुप स्थित टिसिभी विद्यालयमा इन्जिनियरिङ कोर्ष गरिसकेपछि २४ वर्षीय हिसी तेन्जिङ पनि पोखरा नै फर्किए । प्लस टुसम्मको अध्ययन पोखरा तिब्बतियन क्याम्प भित्रैको एसओएस हर्मन जेभियर विद्यालयमा पूरा गरी भारत गएका हिसीलाई बुवाआमा, घरपरिवार र पोखराको वातावरणले तान्यो । 'इन्डियामा त काम पाइएको थियो, तर पोखरामा परिवार लगायत अन्य छिमेकी र नेपाली समाजको माया मार्न सकिएन,' डेभिड फल्स आसपासको एक तिब्बतीयन खाजा पसलमा अहिले कुक काम गरिरहेका तेन्जीङले भने ।

तिब्बतियन क्याम्प भित्रकै शरणार्थीलाई लक्षित गर्दै तिब्बतियन खाजा (मम, चाउमिन थुक्पा)बेच्न वर्षौ पहिले तेन्जिङका बुवा पेम्बाले यो पसल खोलेका थिए । अहिले यो पसलमा नेपाली ग्राहक नै खचाखच हुन्छन् । पोखरलीले सबैभन्दा रुचाइएको खाजा मम, चाउमिन, थुक्पा हो र यसलाई पोखरा तथा नेपाल भित्र्याउने काम तिब्बतियन शरणार्थीले नै गरेका हुन् भन्ने कुरा धेरै पोखरेलीलाई त थाहा पनि छैन ।

अहिले त्यही खाजा पोखराभर रुचाइएको छ र अन्य पसलभन्दा तुलनात्मक रुपमा बढी भएको पसल पनि म:म पसल नै हुन् यहाँ । तिब्बतीयन क्याम्पभित्र वा क्याम्पको खाद्य जोहोका लागि क्याम्प आसपासमा खोलिएका मम पसलमा नेपालीको पनि भीड बढ्दै गयो, विस्तारै अरु नेपालीले पनि सिको गरे । अहिले पोखराका घर घरमा मम पसल छन् । पोखराको मम देश विदेशमै रुचाइन्छ । 'नेपाली जस्तै सुविधा भोग गर्न नपाए पनि आफ्ले चिनाएको सीपले बजार लिएको देख्दा खुसी लाग्छ,' ५५ वर्षीय पेम्बाले भने ।

पोखरामै डोल्मा म:म हाउस सञ्चालन गरेकी ५८ वर्षीय डोल्मा छिरिङले पनि आमाकै पाला देखिको मम पसल धानिरहेकी छन् । २ दशकसम्म नाम बिनाको खाजा पसल सञ्चालन गरेकी डोल्माले लामो संघर्षपछि गत वर्षदेखि आफ्नो पसल दर्ता गरिन् । यही कुरामा उनी औधी खुसी छिन् र सफलता पाएको महसुस गरकी छन् । आफ्ना बुवाको रेफ्युजी परिचयपत्रमार्फत करिब डेढ वर्ष लामो धपडी र समय खर्चपछि पसल कम्पनी रजिष्ट्रारमा दर्ता गर्न पाएकी हुन् उनले ।

यही खुसीले, क्याम्प भित्रको विद्यालयमा टप पोजिसनमा आएर पढेका आफ्ना तीन वटा छोरी र एउटा छोरा अहिलेसम्म बेरोजगार रहेको पीडा भुलाइदिएको छ उनलाई । खाजामात्र होइन, अहिले अहिले पोखराका घर घरमा सिटिङ रुमा बिच्छाइएका उनी गलैंचा बनाउन पोखरामा तिब्बतियन क्याम्पबाटै सुरु गरिएको थियो । शरणार्थीलाई परिचयपत्र वितरण रोकिएसँगै बिभिन्न नीतिगत जटिलता सँगै यी उद्योग पनि क्रमश: बन्द हुँदै गएका छन् ।

तिब्बतीयन क्याम्पभित्र तिब्बतीयनलाई लक्षीत गर्दै सञ्चालित बिभिन्न कार्यालयका अनुसार, अहिले नेपालभर करिब १३ हजार तिब्बतीयन शरणार्थी छन् । तीमध्ये एक तिहाइ पोखरामा छन् र उनीहरु हेमजा, पृथ्वीचोक, छोरेपाटन र तनहुँको दुलेगौंडामा नेपाल सरकारले अनुमति प्रदान गरेको शरणार्थी क्याम्पभित्र बसोबास गर्दै आएका छन् । राजनीतिक द्वन्द्वको चपेटामा सन् १९५९ मा तिब्बतीयन धर्मगुरु दलाइ लामासँगै उनीहरुले आफ्नो देश तिब्बत छोडेका थिए ।

नेपाल छिरेका शरणार्थीलाई यहाँका बासिन्दाका रुपमा कुनै समस्या नपरोस भनेर सन् १९९५ मा नेपाल सरकारले रेफ्युजी कार्डसमेत वितरण गरेको थियो । उति बेला उक्त कार्ड पाउनका लागि १८ वर्ष उमेर पुगेको हुनु पर्दथ्यो, । त्यसयता उनीहरुका सन्तान तथा नातिनातिना यही जन्मिएका छन् । कतिले त्यही परिचय पत्रका आधारमा आफ्ना सन्तान र नातिनालाई लामो प्रक्रिया पुऱ्याएरै भए थोरै भए पनि सार्वजनिक सेवा, सुविधा दिलाएका छन् । तर, त्यो कार्ड पाएका कतिपय बितिसकेको वा अन्य कारणले आफ्ना पुर्खाको उक्त कार्डको रुपरेखै नदेखेका युवा पनि धेरै छन् । 'सानातिना सुविधाका लागि पनि हजुरबुवा, आमाका पालाको पत्र खोज्नुपर्ने भएकाले नयाँ पुस्तामा त धेरैको बैंक खातासमेत छैन,' छोरेपाटन स्थित टासिलिङ क्याम्पकी एरिया इन्चार्ज यासी छोइडेनले भनिन् ।

नागरिकको रुपमा पाउनुपर्ने सेवा, सुविधा आफ्ना सन्तानले नपाए पनि सन्तुष्ट देखिने शरणार्थी धेरै छन् यहाँ । बासिन्दाका रुपमा परिचयपत्र नभएकै कारण मानवअधिकार को सिद्धान्तले दिएका अधिकार उपभोग गर्न बन्चित छन् शरणार्थीहरु । तैपनि आफूसँग भएका सबै सीप, सृजना, कला, कौशल बिना स्वार्थ पोखराकै माटोमा पोखिरहेका छन् उनीहरु । तिब्बतको सीप र कलाले उनीहरुले पोखरा चिनाएका छन् । पृथ्वीचोक क्याम्पका बासिन्दा ४८ वर्षीय थुप्तेन छिरिङ भन्छन्, 'बस्न पायौं भइहाल्यो, अरु सुविधा माग्ने त अधिकार पनि हुनु पऱ्यो नि । तर उति बेला दुखका बेला नेपाली समाजले दिएको साथ र हात बिर्सिन सक्दैनौं ।' पोखरामा क्याम्प खडा गरेर बसोबास गर्न थालेपछि सुरु भएको गलैचा उद्योगमा धेरै वर्ष काम गरेका थिए उनले । त्यही गलैचा बेच्न पोखरा र आसपासका बस्ती चहारेका थुप्तेन अहिले भने बेरोजगार छन् ।

*लोकान्तर डटकम*

नीतिकथा

# सफलता यसरी

अखेमाका एक मात्र सन्तान थिए, एडेरा । अखेमा मूर्ति बनाउँथे । उनको मूर्ति बनाउने क्षमता अत्यन्तै कलात्मक थियो । यद्यपि उनी एक किसान थिए । उनले बनाएका मूर्तिबारे राज्यभरि नै चर्चा हुन्थ्यो । भनौं, उनको प्रतिद्वन्द्वी कोही पनि थिएन । उनले आफ्नो एक मात्र छोरा एडेरालाई पनि मूर्ति बनाउन सिकाएका थिए । उनले यसमा पनि सबै कलामा राम्रै काम गर्थे ।

एक बिहान अखेमा एडेरालाई लिएर खेतमा काम गर्न गए । मूर्तिका लागि माटो खोज्नु पनि थियो । बाटोमा एडेराले बुवा अखेमाका साथी देखे । एडेराले संकेत गर्दा बुवाहरूबीच देखादेख भयो । उनले अखेमालाई उपनामले बोलाए, 'ओई, इगल!' एकआपसमा अभिवादन गरेपछि केही कुरा गरेर उनी आफ्नो बाटो लागे । एडेरालाई अचम्म लाग्यो, 'बुवालाई किन चील भनियो ?' बुवालाई सोधे । अखेमाले भने, 'चील अरू चराभन्दा माथि उड्छ । चीलमा अरू चरामा नहुने गुण पनि हुन्छन् ।'

'चील किन र कसरी सबै चराभन्दा माथि उड्छ ?', छोराले सोध्यो । 'ल सुन, त्यसको कथा सुनाउँछु', अखेमाले भने, 'जब सृष्टिकर्ताले प्रत्येक जनावारलाई सृष्टि गर्नुभयो । उहाँले प्रत्येक पशुपक्षीलाई विशेष अनुरोध भए गर्नु भन्नुभयो । चील सिर्जना भएपछि उसले भन्यो, मलाई अन्य चराभन्दा माथि उड्ने क्षमता



दिनुपर्छ ।' सृष्टिकर्ताले सर्त राख्दै भन्नुभयो, 'हुन्छ तर यो अभ्यासबाट मात्र सम्भव छ ।' चील राजी भयो । त्यसबेलादेखि उसले र त्यसपछि आफ्ना बचेरालाई अन्य चराभन्दा कसरी माथि उड्ने भनेर सिकाउन थाल्यो । चीलले सबैभन्दा अग्लो रुखको टुप्पोमा गुँड बनाएर सुरु गऱ्यो । जहाँ उसले आफ्ना अन्डाहरू राख्यो ।

अन्डाहरू केही दिनपछि बचेरामा परिवर्तन भए । जब बचेरा उड्न सक्ने समय आयो तब चीलले रुखको जरा हुने जमिनलाई तल्लो आधार बनाएर उड्न सिकाए । नियमित यसरी उड्न सिकाउँदा चीलका बचेरा तलतिर होइन, माथि धेरै माथितिर मात्र उड्ने अभ्यासमा लागे ।

**वर्गीकृत विज्ञापन डिस्प्ले**

**सेप्टी टंकी सफाई गर्नुपरेमा**
सम्पर्क
9802815296
9802815293

**किराना पसल बिक्रीमा**
पोखराको अतिव्यस्त ठाउँमा रहेको डिपार्टमेन्टल र होलसेल गर्नलाई अति उपयुक्त किराना पसल विशेष कारणवश तु बिक्रीमा।
सम्पर्क :
९८५७६४१४५७
९८०५१४८५५३

**तु-आवश्यकता**
हेभी ट्रक ड्राइभर- १ हेल्पर-१
लाइट ड्राइभर- १ जना (३ वर्षको अनुभवी)
फर्निचर वेन्स मिस्त्री- १ जना
हेल्पर-१ जना
फर्निचर सुपर भाइजर-२ जना अनुभवी
(मोटरसाइकल लाइसेन्स भएको)
तलब : आपसी समझदारीमा
सम्पर्क :
थापा काष्ठ उद्योग
पोखरा-१, माछापुच्छ्रे बैंकसँगै
९८४६०२११६०, ९८५६०२२१६०

?

**तु चाहियो**
New Branch office को लागि
Test, SLC-५ जना
+2 above-४ जना
तलब : आकर्षण
सम्पर्क :
9821325720
9846222719

**कुक आवश्यकता**
कुक-१ जना
अनुभवी तथा नयाँलाई विशेष प्राथमिकता दिइनेछ
तलब : आपसी समझदारीमा
स्थान : पोखरा-१४, चाउथे
सम्पर्क :
061-590375,
9825117057

**कर्मचारी आवश्यकता**
१) एकाउन्टेन्ट- १ जना (अनुभवी, कम्प्यूटर जानेको)
२) मार्केटिङ अफिसर-१ (अनुभवी)
३) भ्यान ड्राईभर- १ जना
तलब: आपसी समझदारीमा
सम्पर्क :
लक्ष्मी सिरक प्रा.लि. पोखरा
सम्पर्क नं.: ९८०२८५५४०१

# लेखनाथ सामुदायिक सेवा केन्द्र भवनलाई सहयोग



**समाधान संवाददाता**
लेखनाथ, ४ माघ

लेखनाथ सामुदायिक सेवा केन्द्र एवं सामुदायिक प्रहरी सेवाको कार्यालय भवनको शिलान्यास गरिएको छ। पोखरा २७ डाँडाको नाकमा निर्माण हुने २ कोठे भवन पोखरा २७ का अध्यक्ष पूर्णकुमार गुरुङले शिलान्यास गरेका हुन्।

उनले सामुदायिक सेवा केन्द्रले समाजका विसंगति र विकृति हटाउन महत्वपूर्ण योगदान गर्नुका साथै विभिन्न सामाजिक कार्यमा समेत अग्रसर हुने गरेको बताए। आ.व.२०७८/०७९ भित्र सम्पन्न गर्ने लक्ष्य राखिएको भवन निर्माण एवं जग्गा व्यवस्थापनका लागि करिब २० लाख रुपैयाँ लाग्ने अनुमान गरिएको छ।

निर्माणका लागि संस्थाका पूर्वअध्यक्ष, आजीवन सदस्य, विभिन्न सामाजिक संघ, संस्था, स्थानीय तह, समाजसेवी एवं उद्योगी व्यवसायीबाट सहयोगको अपेक्षा गरिएको संस्थाका अध्यक्ष त्रिलोचन लामिछानेले बताए। कार्यक्रममा संस्थाका पूर्वअध्यक्ष शेरबहादुर गुरुङले ५१ हजार १ सय ५१, वडाध्यक्ष पूर्णकुमार गुरुङले २५ हजार ५ सय ५५, सल्लाहकार एवं नेकपा एमाले वडा नं. २७ का वडा कमिटी अध्यक्ष सूर्यमणि लामिछानेले २७ हजार ८८, कोषाध्यक्ष गंगाकुमारी खनालले २५ हजार ५ सय ५ प्रदान गरेका छन्। यस्तै, संस्थाका सहसचिव हरि बस्ताकोटीले २० हजार १ सय, कार्यसमिति सदस्य राजु अधिकारीले १५ हजार, पूर्वअध्यक्ष ज्ञानेन्द्र बजगाईले १० हजार ५ सय ५, उपाध्यक्ष लक्ष्मीप्रसाद ढुंगानाले ११ हजार १ सय ११, नेपाली कांग्रेसका क्षेत्रीय सभापति राजेन्द्रमणि लामिछानेले १० हजार ५ सय ५६, सचिव कृष्णप्रसाद अधिकारीले १० हजार ५ सय ५, वडा नं. २७ की वडा सदस्य बुद्धिमाया रिजालले १० हजार ७ सय १, लेखनाथ उद्योग वाणिज्य संघकी कार्यसमिति सदस्य गंगा मल्लले १० हजार १ सय १, संस्थाका कार्यसमिति सदस्यहरु केशवराज तिवारीले ११ हजार १ सय ११ र बुद्धिमाया थापामगरले १० हजार ८ सय १ रुपैयाँ प्रदान गरेका छन्।

संस्थाका अध्यक्ष त्रिलोचन लामिछानेको अध्यक्षतामा भएको कार्यक्रममा निवर्तमान अध्यक्ष रमेश ओझा र सचिव कृष्णप्रसाद अधिकारीले पनि बोलेका थिए।

# बजार माग अनुसारका तालिम दिन्छौं: सिटिइभिटी

**समाधान संवाददाता**
पोखरा, ४ माघ



पोखरा उद्योग वाणिज्य संघ र प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सिटिइभिटी) बजारको आवश्यकता अनुरुपका तालिम आयोजना गर्न तयार भएका छन्। संघ तथा सिटिइभिटी गण्डकीबीच मंगलबार भएको अन्तर्क्रिया सो सहमति बनेको हो।

कार्यक्रममा व्यवसायीले बजारको आवश्यकता अनुरुपको तालिममा जोड दिए भने सिटिइभिटीबाट सोही अनुरुपको तालिम दिने प्रतिवद्धता व्यक्त भयो। बजारको आवश्यकता अनुरुपको तालिम छिट्टै सञ्चालनमा ल्याइने पनि सो अवसरमा जानकारी गराइयो।

पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष नारायण कोइरालाले सानो पुँजीबाटै व्यवसाय सुरु गर्ने वातावरण निर्माणमा जोड दिँदै तालिम स्वरोजगार एवं रोजगारी सिर्जना गर्ने खालका हुनुपर्ने बताए। बजारमा दक्ष कामदार नपाइनु र बेरोजगारी बढ्दै जाने स्थिति अन्त्यका लागि बजारको माग अनुसारको तालिम आयोजना हुनुपर्ने उनको भनाइ थियो।

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सिटिइभिटी) गण्डकीका निर्देशक प्रमोदभक्त आचार्यले सिटिइभिटी बजारको आवश्यता अनुरुपको तालिम दिन तयार रहेको बताए। सिटीइभिटी उद्यमी बनाउने अभियानमा लागेको बताउँदै उनले तालिम लिएकालाई ३ प्रतिशत ब्याजदरमा ऋणको व्यवस्था गरिएको पनि जानकारी दिए। निजी क्षेत्रको आवश्यकता अनुसारको जनशक्ति निर्माणका लागि नयाँ खाले तालिम दिइने पनि उनको भनाइ छ।

पोउवा संघका उद्योगतर्फका उपाध्यक्ष गोकर्ण कार्कीले संघले उद्योगी, व्यवसायीको माग अनुसारको तालिमको समन्वय गर्ने जानकारी दिए। वाणिज्यतर्फका उपाध्यक्ष अर्जुन पोखरेलले सेवा उद्योग र विशेष गरी पर्यटन उद्योगलाई चाहिने जनशक्ति उत्पादनमा ध्यान दिन सिटिइभिटीसँग आग्रह गरे।

संघका कोषाध्यक्ष बलराम आचार्यले तालिम जीवनोपयोगी हुनुपर्नेमा जोड दिए। पोखरा हार्डवयर एसोसियनका अध्यक्ष शेषकान्त ढकालले पानीको धारा, बिजुली, मोटर मेकानिक क्षेत्रमा दक्ष नेपाली जनशक्ति नभएको बताए। संघका कार्यसमिति सदस्य हिरामणि पण्डितले पछिल्लो समय फर्निचरमा रङरोगन गर्ने काममा महिलाको आकर्षण बढेको बताउँदै उनीहरुलाई तालिम आवश्यक रहेको औंल्याए।

संघका कार्यसमिति सदस्य यमनाथ तिमिल्सिनाले बजारमा सिरक डसना बनाउने नेपाली कामदारसमेत नपाइने जानकारी दिए। मुद्रण व्यवसायी संघ कास्की अध्यक्ष गिरबहादुर श्रेष्ठले मुद्रण उद्योगमा दक्ष डिजाइनर र प्रेस अपरेटरको अभाव रहेको बताए। संघका कार्यसमिति बालकृष्ण कोइरालाले हेभी इक्प्युपमेन्ट र निर्माण क्षेत्रका साना मेसिन चलाउने मान्छे पाउनै मुस्किल रहेको जानकारी दिए।

संघकी कार्यसमिति सदस्य पवित्रादेवी गुरुङले दक्षताका लागि तालिम दिइनुपर्ने र यसका लागि लामो खालको तालिम आयोजना हुनुपर्ने बताइन्। मुद्रण उद्योग महासंघ गण्डकी महासचिव वसन्त बास्तोलाले पनि तालिम विशिष्ठीकृत हुनुपर्ने बताए। पोउवा संघका कार्यसमिति सदस्य उत्तममान बुद्धाचार्यले गहना निर्माणको क्षेत्रलाई आवश्यक पर्ने जनशक्ति उत्पादनप्रति ध्यानाकर्षण गराए।

अर्का सदस्य सुदीप प्रधानांगले टायल र मार्बलको काम गर्ने मान्छे बजारले खोजेको बताए। बालश्रम न्यूनीकरण कार्यक्रमकी कार्यक्रम अधिकृत प्रिती पाण्डेले अपांगता र वृद्धवृद्धाको हेरचाह गर्ने जनशक्ति उत्पादनप्रति ध्यानाकर्षण गराइन्। सबैको सुझावपछि सिटिइभिटीका सहनिर्देशक जीवन भण्डारीले बजारको मागलाई छिट्टै सम्बोधन गर्ने प्रतिवद्धता जनाए। कार्यक्रममा संघका महासचिव सुरेन्द्रमान बिजुक्छेले पनि बोलेका थिए।

# डुम्रे-बेंसीसहर सडक २ लेन बनाइने

**समाधान संवाददाता**
लमजुङ, ४ माघ



लमजुङ र तनहुँ जोड्ने डुम्रे-बेंसीसहर सडक २ लेनको बनाउन थालिएको छ। छिमेकी जिल्ला तनहुँको डुम्रे बजारदेखि लमजुङतर्फ निर्माण गर्न लागिएको उक्त सडक अहिले डुम्रे बजार नजिकैबाट २ लेनको बनाउन थालिएको डुम्रे-बेँसीसहर-चामे सडक आयोजनाका इन्जिनीयर पुरुषोत्तम अधिकारीले बताए।

उनले भने, 'डुम्रे बजारबाट २ सय २० मिटरदेखि ८ दशमलव ३ किलोमिटर चाम्बाससम्म पहिलो चरणमा २ लेन सडक बनाउन थालिएको हो। राजमार्गको यस सडकको मापदण्ड दायाँबायाँ 'राइटअफ वे' सहित १५/१५ मिटरको हुने भएको छ।'

१०/१० मिटर जमिनको लगतकट्टा भइसकेको छभने अधिग्रहण गरिएमध्ये चौडाइ ११ मिटरमा सडकको संरचना बन्ने भएको छ। यसअघि ३ दशमलव ७५ मिटरको क्यारिज वे (भारवाहन सडक) रहेकामा अब ७ मिटरको हुने उक्त आयोजनाले जनाएको छ। दायाँबायाँ एक। एक मिटरको 'सोल्जर' तथा एक/एक मिटरको नाली निर्माण गरिने भएको छ।

अहिले सडकको नाली बनाउने, चौडाइ पुर्‍याउन कटिङ गर्ने, टेवा (पर्खाल) उठाउने लगायत निर्माण कार्य भइरहेको छ। आयोजनाका अनुसार सडकमा 'अस्फाल्ट' किसिमको कालोपत्र हुनेछभने कालोपत्र सकिएपछि सडक रङ्गरोगन गर्ने र किलोमिटर पोस्ट राखिने भएको छ। हालसम्म १५ प्रतिशत निर्माण कार्य सम्पन्न भएको छ। ८ दशमलव ८ किलोमिटर सडक विसं २०८० कात्तिक २२ गतेसम्म सक्ने गरी आशीष अनेस्ट जेभीले गत वैशाख २२ गते ठेक्का सम्झौता गरेको थियो।

डुम्रे बेंसीसहर सडक ४२ किलोमिटर लामो छ। यस सडकको तनहुँ डुम्रेदेखि लमजुङको सिमाना पाउदी बजारसम्म २४ किलोमिटर छ। सडकका लागि भ्याट र पिएसबाहेक ७५ करोड ९४ लाख ९७ हजार लागत अनुमान गरिएकामा उक्त जेभीले ३८ करोड ९ लाख ८६ हजारमा ठेक्का सम्झौता गरेको थियो। पहिलो चरणको निर्माण सकिएलगत्तै सडकको अन्य कामसमेत अघि बढाइने बताइएको छ।

छिमेकी जिल्ला तनहुँको डुम्रे बजारबाट विसं २०२९ मा खन्न सुरु गरिएको उक्त सडक बेँसीसहरसम्मको ४२ किलोमिटरसम्म पुर्‍याउन झण्डै १५ वर्ष लागेको थियो। विसं २०४६ मा ट्याक खुलेसँगै विसं २०५२ देखि सिंगल लेनको कालोपत्र थालिएको थियो। सुरु गरेको ४ वर्षको अवधिमा ४२ किलोमिटर सडक कालोपत्र गरिएको थियो। कालोपत्रे भए पछि समय समयमा मर्मतसम्भार हुन नसक्दा सडक जीर्ण बन्दै गएको थियो।

उक्त सडकमा दैनिक सयौं साना तथा ठूला सवारीसाधन चल्छन्। डुम्रे बेँसीसहरको उक्त सडकहुँदै हिमाली जिल्ला मनाङका बासिन्दासमेत आवतजावत गर्दै आएका छन्। यी सडक २ लेन भई कालोपत्र भए तीनै जिल्लाका बासिन्दा प्रत्यक्ष लाभान्वित हुने भएका छन्।

# ताङतिङ : इतिहास र प्रकृतिको संगम

**वासुदेव पौडेल**
गण्डकी, ४ माघ

*जस्तो हिमाल राम्रो छ रुपौला हिमले गरी*
*तल त्यस्तै डटेका छन् हरिया वनले गिरि*
*सर्वत्र हरियाली छ मनमोहक दृश्य छन्*
*हिमका काखका डाँडा अर्कै वैशिष्ट्य राख्तछन्*

कवि मुकुन्दशरण उपाध्यायको प्राकृत पोखरा नामक वर्णनात्मक काव्यको पाखा पखेरा शीर्षकको कविताको यस पंक्तिले भने जस्तै हिमालका काखका डाँडा आफैंमा विशिष्ट छन्। पहाडी क्षेत्रमा मानव सभ्यताको विकाससँगै जोडिएको हिमालको काखको गाउँ हो कास्कीको मादी गाउँपालिकाको ताङतिङ। पर्यटकीय नगरी पोखराको उत्तरतर्फ साबिकको नामार्जुङ गाउँ विकास समितिमा पर्ने यो प्राचीन गुरुङ गाउँमध्येको एक हो।

हिमालको काखमा रहेको यो ठाउँ पर्यापर्यटन, हिमाली दृश्यावलोकनका साथै प्राचीन संस्कृतिमा रुचि राख्ने जो कोहीका लागि आकर्षक गन्तव्य पनि हो। समुी सतहबाट लगभग १ हजार ६ सय ५० मिटरको उचाइमा अवस्थित यो गाउँमा पर्यावरणीय अवलोकनका साथै हिमाली दृश्यावलोकन र गुरुङ जातिको सांस्कृतिक रहनसहनको अवलोकनका लागि स्वदेशी एवम् विदेशी पर्यटक पुग्ने गरेका छन्।

पोखरादेखि करिब २७ किलोमिटरमा पर्ने यो गाउँको पर्यटकीय सम्भावनालाई दृष्टिगत गरी प्रवर्द्धन र विकासलाई गाउँ पर्यटन प्रवर्द्धन मञ्चले प्राथमिकतामा राखेको छ। गाउँसँग अन्तरसम्बन्धित ४ सय वर्षदेखिको इतिहास समेतलाई समेट्दै यसलाई पदयात्रा पर्यटनसँग जोड्ने लक्ष्य राखिएको गाउँ पर्यटन प्रवर्द्धन मञ्च(भिटोफ) गण्डकी प्रदेशका अध्यक्ष उदय सुवेदीले जानकारी दिए।

'भिटोफले ताङतिङलाई घरबाससँगै पदयात्रासँग जोड्नका लागि ४ वर्षअघि पनि यस क्षेत्रमा अन्वेषणत्मक भ्रमण गरेको थियो', उनले भने, 'तत्कालीन समयमा ताङतिङ-करापुडाँडा हुँदै याङ्जाकोटसम्मको होमस्टे पदमार्गको अन्वेषण भ्रमणले होमस्टेलाई पदयात्रा पर्यटनसँग जोड्ने काम गरेको थियो।' ग्रामीण पर्यटनविद्, भिटोफ कार्यसमितिका सदस्य, पत्रकार, पथ प्रदर्शक, स्थानीय तथा पर्यटन व्यवसायीको सहभागितामा गरिएको सो पदमार्गको स्थलगत अवलोकनबाट पदयात्रासँग गाउँलाई जोड्ने कुराको थालनी भएको उनले बताए।

ताङतिङबाट करापुडाँडा–च्वरो डाँडा हुँदै पुनः ताङतिङ नै आउन सकिने गरी ३, ४ रातको पदयात्रा समेत सञ्चालन गर्न सकिने देखिएको अध्यक्ष सुवेदीले सुनाए। यस चक्रीय पदमार्गमा पदयात्रा गर्नका लागि पोखराबाट पर्यटक पहिलो दिन सवारी साधन हुँदै ताङतिङ पुग्नेछन्। बेलुका ताङतिङमा गुरुङ संस्कार र संस्कृतिको प्रत्यक्ष अवलोकन र अनुभव गर्दै पर्यटक दोस्रो दिन ताङतिङबाटमाथि जंगलै जंगलको बाटो ३ हजार १ सय मिटर उचाइको करापुडाँडा पुग्दछन्। करापुडाँडाबाट देखिने अन्नपूर्ण र मनास्लु हिमशृङ्खला अवलोकन गर्न पाउनु यहाँको विशिष्टता हो।

> **अन्नपूर्ण दोस्रो र चौंथो र लमजुङ हिमाल नांगो आँखाले देख्न सकिने यो गाउँबाट हिमपहिरो पनि देखिन्छ**

ताङतिङबाट करापुडाँडा पुग्न लगभग ५ घण्टा पदयात्रा गर्नुपर्छ। करापुडाँडामा पछिल्ला वर्षमा 'टि हाउस' तथा विभिन्न संरचना बन्ने क्रममा छन्। टि हाउस वा त्यही क्यापिम्ङ गरी करापुडाँडा बसेका पर्यटक भोलिपल्ट त्यहाँबाट करिब ५ घण्टा पदयात्रा गरी च्वरो डाँडा पुग्न सक्छन्।

च्वरो डाँडाबाट चौंथो दिन लगभग ५ घण्टाको पदयात्रा गरी ताङतिङ फर्केपछि पदयात्राको चक्र पूरा हुन्छ। ताङतिङ झरेका पर्यटक सो दिन त्यही बस्ने वा चाँडै नै आएका अवस्थामा पोखरासम्म फर्कन सक्छन्। प्रकृति र संस्कृतिको अवलोकन गर्दै गर्न सकिने यो चक्रीय पदमार्ग पनि महत्वपूर्ण बन्न सक्ने भिटोफले जनाएको छ। पदयात्राकै क्रममा बाटोमा पर्ने नैचु यस क्षेत्रको महत्वपूर्ण इतिहास पनि हो। झण्डै ४ सय वर्ष अघि बस्ती बसे यो ठाउँ गुरुङ समुदायको तीर्थस्थल पनि हो।

गुरुङ जातिका विभिन्न समुदायमध्येको एक पौंगीलामा गुरुङ समुदाय ४ शताब्दीअघि बसेको नौंचुमा पितृको स्मृतिमा उक्त स्थानमा नौंचु न्हेज छ्योर्ते (देवालय) निर्माण गरिएको छ। ताङतिङ गाउँको सिरानमा रहेको नौंचुमा ४ सय वर्ष पहिले पैंगीलम गुरुङ बसोबास गरेकामा उनीहरूका १ सन्तान रिभान गाउँ र अर्को त्यही ताङतिङमा बसोबास गरेका थिए। नैचु २ हजार २ सय मिटरको उचाइमा अवस्थित जुन ताङतिङबाट लगभग २ घन्टा हिँडेपछि पुग्न सकिन्छ।

यस पदमार्गमा आसपासका वनपाखामा फागुन चैतमा फुल्ने लालीगुराँसका साथै असोज-कात्तिकको हरियाली निकै सुन्दर देखिन्छ। करिब २ सय ४० घर रहेको ताङतिङमा आउने पर्यटकलाई दृष्टिगत गरी होटेल तथा होमस्टे गरी दैनिक १ सय ५० जना पर्यटक बस्न सक्ने व्यवस्था छ। २०६५ सालदेखि सुरु भएको यहाँको होमस्टे सेवा २०६८ सालदेखि औपचारिक रूपमा पर्यटन कार्यालयमा दर्ता भएको हो। तत्कालीन समयमा होमस्टे सञ्चालनमा आए पनि व्यवस्थित बन्न नसकेको अवस्थामा गाउँ पर्यटन प्रवर्द्धन मञ्च गण्डकी प्रदेशले २०७१ सालमा यहाँका सम्भाव्यता हेर्दै त्यसको प्रवर्द्धनमा सहयोग गरेको भिटोफ गण्डकी प्रदेशका पूर्व अध्यक्ष तारानाथ पहारीले जानकारी दिए।

'२०७३ सालमा नेपाल पर्यटन बोर्डको आयोजना एवं भिटोफ गण्डकी प्रदेशको सह आयोजनामा गरिएको होमस्टे मार्टबाट पनि ताङतिङको राम्रो प्रवर्द्धन भएको हो,' उनले भने, 'त्यसयता विभिन्न समयमा उक्त स्थानमा विभिन्न तालिम तथा गोष्ठी प्रदान गर्दै आएको छ।' समु सतहबाट १ हजार ६ सय ६० मिटर उचाइमा रहेको ताङतिङमा हाल १४ होमस्टे र ७ होटेल सञ्चालनमा रहेको स्थानीय एवं हिमालय मावि ताङतिङका प्रधानाध्यापक ओमप्रकाश गुरुङले जानकारी दिए।

अन्नपूर्ण दोस्रो र चौंथाको साथै लमजुङ हिमाललाई नांगो आखाले देख्न सकिने यो गाउँबाट हिमपहिरो पनि प्रत्यक्ष देख्न सकिन्छ। गुरुङ संस्कृतिको घाटु नृत्यका साथै स्थानीय परिकारको स्वाद लिन पाउनु यो होमस्टेको विशेषता हो। रासस

# किसानलाई दूधमा अनुदान



कास्की, ४ माघ (रासस)- कास्कीको माछापुच्छ्रे गाउँपालिकाले कृषकलाई उत्पादनका आधारमा दूधमा प्रतिलिटर ५० पैसा अनुदान दिएको छ। उत्पादनका आधारमा अनुदान वितरण गर्दा वास्तविक कृषकसम्म सरकारको सहयोग पुग्ने भएकाले सो कार्यक्रम अघि सारिएको गाउँपालिकाले जनाएको छ।

गाउँपालिकाले चालु आर्थिक वर्षमा २५ लाख लिटर दूधमा अनुदान दिनका लागि १२ लाख ५० हजार विनियोजन गरेको गाउँपालिका पशु शाखा प्रमुख रामचन्द्र पौडेलले जानकारी दिए। गाउँपालिकाभित्र रहेका ६ दुग्ध उत्पादक सहकारी संस्थामार्फत सो अनुदान सम्बन्धित कृषकसम्म पुग्नेछ। पौडेलले भने, 'कृषकले उत्पादन गरेर सहकारीमा बिक्री गरेका आधारमा दूधमा अनुदान पाउनेछन्। जसले धेरै उत्पादन गर्न सक्छ, उसैले बढी अनुदान पाउनेछ।'

अनुदान वितरण गर्नका लागि सहकारी संस्थाबाट प्रस्ताव आह्वान गरेको र छनोट गरिएकाले वितरण तत्कालै सुरु गरिने पौडेलले बताए। सहकारी संस्थाबाहेक आफैं बजार खोजेर दूध बिक्री गर्ने कृषकले भने गाउँपालिकाले दिने सो अनुदान पाउने छैनन्। सहकारीमा बिक्रीका आधारमा मात्र अनुदान दिने नीति गाउँपालिकाको छ। शाखा प्रमुख पौडेलले भने, 'सहकारीमा बिक्री गरेको रेकर्डका आधारमा चौमासिकरूपमा अनुदान कृषकलाई उपलब्ध गराउने छौं।'

उत्पादनका आधारमा अनुदान दिँदा कृषकलाई पेशाप्रति हौसला बढ्ने र थप उत्पादनमा केन्द्रित हुने हुँदा व्यावसायिक उत्पादनको विकास हुने विश्वास गाउँपालिकाको छ। माछापुच्छ्रे गाउँपालिका जिल्लामै दूध उत्पादनमा अग्रणी स्थानमा छ। नौ वडा रहेकामा यहाँका अधिकांश वडामा व्यावसायिक पशुपालन फस्टाउँदै गएको बताइन्छ।

मुख्यगरी वडा नं ३ घाचोक, वडा नं ४ लाहाचोक र वडा नं ६ को धितालमा दूध उत्पादन बढी हुने गरेको छ। गाउँपालिकामा सहकारीमार्फत दैनिक ६ हजार लिटर दूध बिक्री हुने शाखाको तथ्यांक छ। यसैगरी निजी फार्मको ५ हजार गरी दैनिक ११ हजार लिटर दूध बिक्री हुने गरेको बताइन्छ। हालसम्म गाउँपालिकामा २ सय ८० कृषि र पशु फार्म दर्ता छन्।

गाउँपालिकाले चालु आव पशु सेवातर्फ यान्त्रिकीकरण कार्यक्रममा ५० प्रतिशत लागत साझेदारीमा घाँस काट्ने मेसिन कृषकलाई उपलब्ध गराउने भएको छ। यसका लागि ५ लाख बजेट विनियोजन गरिएको छ। यसैगरी पशु रोग नियन्त्रण र स्वास्थ्य शिविर तथा औषधि खरिद गरी कृषकलाई निःशुल्क वितरण गर्न १० लाख बजेटबाट औषधि खरिद प्रक्रिया सुरु भएको गाउँपालिकाले जनाएको छ। यसै वर्षमा गाईको बाँझोपन निवारणका लागि शिविर सञ्चालन गर्ने योजना छ।


**लेक फ्रन्ट रिसोर्टको प्रारम्भिक वातावरणीय परीक्षणका लागि सार्वजनिक सुनुवाइ सम्बन्धी सूचना**

लेक फ्रन्ट रिसोर्ट प्रा.लि. द्वारा गण्डकी प्रदेश, कास्की जिल्ला, पोखरा महानगरपालिका, वडा नं. २६, पामेमा लेक फ्रन्ट रिसोर्ट निर्माण तथा सञ्चालन गर्ने प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षणका लागि सार्वजनिक सुनुवाइ कार्यक्रम गर्नु पर्ने भएकाले निम्न स्थान, मिति र समयमा उपस्थित भई आफ्ना राय, सल्लाह, सुझाव दिनु हुन सम्बन्धित सरोकारवालाहरूको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**प्रस्तावक :** लेक फ्रन्ट रिसोर्ट प्रा.लि.
**स्थान :** प्रस्तावित लेक फ्रन्ट रिसोर्ट परिसर, पोखरा महानगरपालिका, वडा नं. २६, पामे
**मिति :** २०७८/१०/०८, शनिबार
**समय :** बिहान ९:०० बजे
**प्रभाव पर्न सक्ने स्थान:** पोखरा महानगरपालिका, वडा नं. २६, पामे, कास्की जिल्ला, गण्डकी प्रदेश



**पोमनपा वडा नं ३३ को सार्वजनिक सूचना**


लम्जुङ जिल्ला स्थायी ठेगाना भई हाल पोखरा महानगरपालिका वडा नं ३३ को बागमारामा मिरा गुरुङले कि न ७४९० मा निर्माण गर्न लागेको घरको पूर्व तर्फको कि न ७४९१,पश्चिम तर्फको कि नं ७४८९ र उत्तरतर्फको कि नं ७६२९ का सधियारा सम्पर्कमा नआईपुगेको हुँदा यदि उक्त जग्गामा कोही कसैको हक दाबी बिरोध भएमा यो सूचना प्रकासन भएको मितिले सात दिन भित्र सम्पर्क गर्न हुन अनुरोध गरिन्छ।



हामीलाई FOLLOW गर्नुहोस्
twitter.com/ samadhan_news

## दराजको प्रबन्ध निर्देशकमा आँचल

पोखरा, ४ माघ (समाधान)- नेपालको अग्रणी अनलाइन बजार दराज नेपालले आँचल कुँवरलाई पहिलो महिला प्रबन्ध निर्देशक नियुक्त गरेको छ । दराजका सिइओ बियार्के मिक्केलसेनले लिन्क्डइनमा यो घोषणा गरेका हुन् ।



नेपालीलाई विश्व स्तरीय अनलाइन सपिङ अनुभव दिन दराज नयाँ योजनाका साथ लाग्ने कुँवरले बताइन् । आँचलले कार्लसन स्कुल अफ म्यानेजमेन्टबाट एमबिए, गणित र अर्थशास्त्रमा सेन्ट क्लाउड स्टेट युनिभर्सिटी मिनेसोटाबाट बिएस सकेर १३ वर्ष युएस कर्पोरेट क्षेत्रमा काम गरेकी छन् । यो अवधिमा उनले कार्लसन वागोनलिट ट्राभल, इकमर्स अग्रगामी, अमेजन जस्ता विभिन्न कम्पनीमा काम गरेकी छन् ।

अहिले दराजले कम्पनी रिब्रान्डिङ गर्दै छ । अब दराजका सबै अपरेटिङ देशमा स्वदेशी प्रबन्ध निर्देशक (एमडी) रहेको कम्पनीले जनाएको छ । वर्तमान एमडी लिनो अहलेरिङ सिंगापुरको दराज मुख्यालयमा क्षेत्रीय भूमिकामा सरुवा भएपछि आंचलले पदभार ग्रहण गर्ने छिन् ।

## गिरेकोटलाई सुनगाभा कप



पोखरा, ४ माघ (समाधान)- स्याङ्जाको हरिनास गाउँपालिका २ गुर्जामा भएको सातौं सुनगाभा कपको उपाधि गिरेकोट स्पोर्टस क्लबले जितेको छ । सुनगाभा युवा क्लबको २७ औं वार्षिकोत्सवको उपलक्ष्यमा आयोजित प्रतियोगितामा प्रगतिशील युवा क्लब धरादी दोस्रो र आयोजक सुनगाभा तेस्रो बनेका छन् ।

प्रथम, द्वितीय र तृतीय टिमले क्रमश ४० हजार, २५हजार र १५ हजारसहित सिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गरेका छन । कार्यक्रममा हरिनास गाउँपालिका अध्यक्ष खिमनारायण मानन्धरले खेल र खेलाडीको स्तर बढाउनका लागि गाउँपालिकाले विशेष महत्व दिएको बताए । उनले एक गाउँ, एक खेल मैदानको अवधारणालाई अघि बढाउँदै खेलाडी उत्पादनमा गाउँपालिका लागेको सुनाए ।

१६ टिम सहभागी प्रतियोगितामा बेस्ट प्लेयर सुमन मानन्धर, बेस्ट स्पाइकरमा हरि थापा, बेस्ट डिफेन्डर मधु थापा, बेस्ट ब्लकर नारायण मानन्धर र बेस्ट लिफ्टर भोजबहादुर मानन्धर घोषित भए । क्लबले यस पटक ज्येष्ठ नागरिक सम्मानबाट पहलसिंङ थापा र तोयासरा थापालाई अभिनन्दन गरेको छ ।

समारोहमा क्लबका सदस्यहरु प्रदीप थापा र कपुर थापा सुनगाभा सम्मानबाट सम्मानित भए । विविध सांस्कृतिक कार्यक्रमसमेत भएको कार्यक्रमको अध्यक्षता वडा सदस्य हिममाया थापाले गरेकी थिइन् । कार्यक्रम सञ्चारकर्मी गोविन्द थापा सिन्जालीले सञ्चालन गरेका थिए ।

## टयाक्सी...

सरकारले नियम बनाएको छ,' उनले भने, 'यसबाट हामी चल्दा कसैलाई मार पर्दैन । हामी सौहार्द वातावरणमा काम गर्न सक्ने भयौं । पेसाको इज्जत पनि हुने भयो ।'

निश्चित दूरीमा गुड्ने बस रोक्ने ठाउँको सरकारले निर्धारण गरिदिने भएको छ । यसअघि सार्वजनिक बस एकै ठाउँमा घण्टौं रोकिँदा बस्दा यात्रु हैरान थिए । यसले सार्वजनिक बसबाट समयमै गन्तव्यमा पुग्न नसकिने धेरैको गुनासो थियो । 'बसमा जिपियस जडान गर्नुपर्ने हुन्छ । नयाँ खरिद गर्ने बस र नयाँ दर्ता गर्ने बसका ढोका अटोमेटिक हुनुपर्छ,' मन्त्री खड्काले भने । ढोकामा झुण्डिएर यात्रा गर्दा धेरै यात्रु दुर्घटनामा पर्ने, घाइते हुने भएकाले अटोमेटिक ढोका लक गर्ने बस सञ्चालनमा ल्याउन लागिएको खड्काले सुनाए । चाडै सार्वजनिक सवारीमा चढेपछि कार्डबाट पैसा तिर्न सकिनेछ ।

मन्त्रिपरिषद् बैठकले गण्डकी प्रदेशमा खानेपानी तथा सरसफाइसम्बन्धी विधेयक २०७८ मस्यौदालाई स्वीकृत गरेको छ । 'गण्डकी प्रदेशमा खानेपानी तथा सरसफाइसम्बन्धी विधेयक पनि यही हाउसमा सम्भव भएसम्म लाने गरी २०७८ को मस्यौदा तर्जुमा गर्‍यौं । यसका लागि मन्त्रिपरिषद्ले स्वीकृति दिइसकेपछि मात्र ड्राफ गर्न मिल्छ,' मन्त्री खड्काले भने, 'सूचनाको हकको सम्बन्धमा गण्डकी प्रदेशमा सूचनाको हक प्रचलन गराउन सूचनासम्बन्धी हक ऐन तर्जुमा गराउन पनि सैद्धान्तिक स्वीकृति दिने निर्णय भएको छ ।'

बैठकले भौतिक पूर्वाधार मन्त्रालय अन्तर्गत संगठन तथा व्यवस्थापन सर्वेक्षण 'ओएमए' प्रतिवेदन स्वीकृत गरेको छ । घरेलु तथा साना उद्योग विकास समितिको प्रदेशमा कार्यरत अस्थायी दरबन्दीका ८ जनाको म्याद थप भएको छ । बैठकले आर्थिक वर्ष २०७८/७९ का लागि म्याद थप गर्ने निर्णय गरेको छ । यसका लागि आवश्यक रकम नेपाल सरकारबाट माग गर्ने निर्णय भएको खड्काले बताए ।

# आहा रारा फुटबल भोलिदेखि

### टाइसिट सार्वजनिक, उद्घाटनमा आयोजक र एपिएफ भिड्दै

**अभिषेक अधिकारी**
पोखरा, ४ माघ

आयोजक सहारा क्लब पोखराले माघ ६ देखि हुने २० औं संस्करणको आहा रारा गोल्डकपको टाइसिट मंगलबार सार्वजनिक गरेको छ । नक आउट प्रणालीमा खेलाइने प्रतियोगितामा ए डिभिजन लिगका सुपर जायन्ट मनाङ मर्स्याङ्दी क्लब र मछिन्द्र फुटबल क्लब फरक समूहमा परेका छन् । यी २ को जम्काभेट हुन दुबैले फाइनल यात्रा तय गर्नुपर्ने भएको छ ।

उद्घाटन खेलमा आयोजक सहारा र एपिएफ क्लबबीच सामना हुँदै छ । सुरुवाती खेलमा नै बलियो टिम एपिएफसँग सामना गर्न लागेको सहाराले सुरुआतमै फलामे चिउराको सामना गर्नुपर्ने छ । एउटै समूहमा रहेको आमेरिकी टिम भुटनिज युथ स्पोर्टस क्लब बाइमा परेसँगै सहारा र एपिएफबीचको खेलको पर्खाइमा छ । त्यसो त आयोजक सहाराले आफ्नो पहिलो पत्रकार सम्मेलनमा भुटनिज अमेरिकामा एकेडेमी डिभिजन च्याम्पियन रहेको भन्दै उत्कृष्ट क्लब बताएको थियो ।

डिफेन्डिङ च्याम्पियन संकटा र जारी ए डिभिजन लिगको शीर्ष स्थानमा रहेको मछिन्द्रको पहिलो चरणको खेल माघ १० गते तय छ । केही साताअघिसम्म लिगको तेस्रो स्थानमा रहेको संकटा माघ १ गते थ्रि स्टार फुटबल क्लबसँगको १-० को हारसँगै पाँचौं स्थानमा छ । संकटाको यस सिजनको लिगमा यो पहिलो हार थियो भने मछिन्द्रको अपराजित यात्रा कायम छ । यी २ बीचको विजेताले सेमिफाइनलको यात्रा तय गर्ने छ । यो सिजनको लिग डिभिजन खेलमा संकटा र मछिन्द्रबीचको खेल गोलरहित बराबरीमा रोकिएको थियो ।

हालैमात्र संकटाका प्रशिक्षक विष्णु गुरुङले राष्ट्रिय टोलीको सहप्रशिक्षकको जिम्मा पाएका छन् । उनी सहारा एकेडेमीको पहिलो ब्याचका विद्यार्थी हुन् । उनले आहा राराको ५ औंदेखि ७ औं संस्करणसम्म खेलाडीका रुपमा खेलेका थिए । सहाराले पहिलोपटक १२ संस्करणमा आहा रारा उपाधि जित्दा उनी सहाराकै प्रशिक्षक थिए ।

अर्को समूहतर्फको खेल माघ ७ मा हिमालयन शोर्पा र नेपाल पुलिसबीचको हुँदै छ । मनाङ मर्स्याङ्दी र पुलिसबीचको खेल पुस ३ मा हुँदै गर्दा नेपाल पुलिस क्लबका प्रशिक्षक अन्नत थापाले समाधानसँग भनेका थिए, 'पोखरा हाम्रो पनि घरेलु मैदान हो । पोखरामा पुलिसको गर्विलो इतिहास छ ।' पहिलो संस्करणको क्याराभान गोल्डकपसँगै आहा रारा गोल्डकप लगातार ३ पटक र अन्य दुई संस्करण गरी पोखरामा पुलिसले ६ उपाधि जितेको छ । प्रशिक्षक थापाले क्लबले आहा राराको उपाधि लगातार ३ पटक जित्दा पुलिसको मिडफिल्ड धानेका थिए ।

अहिलो पुलिसको समय फेरिएको छ । विगतमा अपराजित यात्राको रेकर्ड राख्ने पुलिस जारी ए डिभिजन लिगका ८ खेल खेल्दासम्म ३ हार, ४ बराबरी र १ जितका साथ ११ औं स्थानमा छ । आहारारामा पनि १८ औं संस्करणको फाइनलको यात्रा तय गरेको पुलिस मनाङसँग पेनाल्टीमा ४-३ ले पराजित भएको थियो ।

प्रतियोगिताको सातौं संस्करणमा धरान फुटबल क्लबलाई १-० को अन्तरले पराजित गर्दै पहिलोपटक सहभागिता जनाएको हिमालयनले अहिलेसम्म उपाधि जित्न सकेको छैन । लिगमा ७ औं स्थानमा रहेको हिमालयन शोर्पा र नेपाल पुलिसबीचको खेल १-१ को बराबरीमा रोकिएको थियो । आहाराराको पहिलो चरणको खेलमा हिमालयन र पुलिसबीचका विजेताले कवाटरफाइनलमा मनाङ मर्स्याङ्दीको सामना गर्नुपर्ने छ ।

यसै समूहतर्फको पहिलो चरणको खेल अन्तर्गत नै थ्रि स्टार र त्रिभुवन आर्मीबीच माघ ११ गते खेल हुँदै छ । आहाराराको १७ औं संस्करणको फाइनलमा आर्मीलाई २-२ मा रोकेको थ्रिस्टारले टाइब्रेकरमा ४-५ मा हराउँदै पाँचौ पटक उपाधि जितेको थियो । यी २ टिमबीचको विजेता टाइसिट अनुसार क्वाटरफाइनलमा बाईमा परी सेमिफाइनल पुग्नेछ ।

खेल तालिका अनुसार प्रतियोगिताभर ९ खेल हुने छ । प्रतियोगिताको पहिलो सेमिफाइनल खेल माघ १२ र दोस्रो सेमिफाइनल खेल माघ १३ मा हुनेछन् । फाइनलअघि १ दिन विश्राम छ । फाइनल खेल १५ गते हुनेछ । हरेक खेलको सुरुवात मध्याह्न २ बजे हुनेछ । पहिलो चरणका खेलमा संकटा र मछिन्द्र, थ्रिस्टार र त्रिभुवन आर्मी तथा सहारा भर्सेस एपिएफको खेललाई विशेष रुपमा हेरिएको छ । भुटनिज युथ स्पोर्टस क्लब पहिलोपटक आएकाले त्यता पनि दर्शकको चासो छ ।

### दर्शकबिनाको खेल !

पोखरेली फुटबलप्रेमीले २० वर्षदेखि निरन्तर पोखरा रंगशालामा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्लब आमन्त्रित आहारारा गोल्डकप हेर्न पाएकोमा यस वर्ष भने ब्रेक लागेको छ । देश कोरोनाको चपेटामा पर्दै गर्दा आयोजक सहाराले सम्पूर्ण खेलप्रेमीलाई घरमै डिजिटल माध्यमबाट खेलको आनन्द उठाउन अनुरोध गरेको छ । त्यसो त सरकारले माघ २ गते देशका रंगशालामा सिट क्षमताको एक तिहाई दर्शक राख्न अनुमति दिएको थियो । संक्रमण बढ्दै गए खेल हुने दिनसम्म यसमा पनि कडाइ हुन सक्छ ।

सहारा अध्यक्ष हरिराम गुरुङ (सुरज) ले पोखरामा कोरोना कहर बढ्दै गएका बेला रंगशालामा दर्शकको भिड रहने र प्रवेशद्वारदेखि नै दर्शकको लामो लाइन लाग्ने हुँदा जोखिम मोल्न नहुने बताए । आहारारा गोल्डकप मोफसलकै चर्चित स्पर्धा हो । सहाराले सहारा एकेडमी सञ्चालन गरी १४ जिल्लाका बालकलाई स्वास्थ्य, शिक्षा र फटबल प्रशिक्षण दिँदै आएको छ । खेलाडी अनिल गुरुङ सहाराकै विद्यार्थी हुन् ।

एकेडेमीको मुख्य आय स्रोत नै आहा रारा गोल्डकप हो । एकेडेमीमा आर्थिक समस्या आएको भन्दै उद्योगपति सूर्यबहादुर केसीको परिवारले अब वार्षिक १५ लाख सहयोग गर्ने भएको सहारा अध्यक्ष हरिराम गुरुङले मंगलबार आयोजित पत्रकार सम्मेलनमा बताए ।

राष्ट्रिय खेलकुद परिषद सदस्य राजेश गुरुङले पोखरामा आयोजना हुन लागेको राष्ट्रिय खेलकुद प्रतियोगितालाई कोभिडको कालो बादलले ढाकेको जनाए । पत्रकार सम्मेलनमा अध्यक्ष गुरुङले भने, 'खेलकुदका लागि सरकारले राम्रो सहयोग गरेको छ । स्विमिङ पुल र सुटिङको मैदान तयार गर्नुपर्नेमा ती बनिसकेका छन् । तर कोरोनाको त्रासले प्रतियोगितामा अन्योल छाएको छ ।'

## आइकिडोको ग्रेडिङ



पोखरा, ४ माघ (समाधान)- आइकिडो अकिकाई एसोसिएसन नेपाल (आन)ले सातौं डान ग्रेडिङ परीक्षा काठमाडौंमा लिएको छ । डान ग्रेडिङमा सहभागी खेलाडीले खेल प्रदर्शन गरी सबैजना परीक्षामा उत्तीर्ण हुन सफल भए । परीक्षामा उत्तीर्ण खेलाडीहरुलाई प्रमाणपत्र र यस वर्षका उत्कृष्ट खेलाडीलाई पुरस्कार वितरण गरिएको छ ।

ग्रेडिङ कार्यक्रमका साथै आन र त्रिविद्या शिक्षा सदनको साथ बागमती प्रदेशका नवनियुक्त पर्यटन तथा संस्कृति मन्त्री दीपेन्द्र श्रेष्ठलाई बधाई तथा शुभकामना दिइएको थियो ।

कार्यक्रम समाजसेवी तथा विश्व संस्कृति नेटका महासचिव वसन्त श्रेष्ठ, कवि, लेखक, साहित्यकार तथा साहित्यकार विश्वविमोहन श्रेष्ठ, त्रिविद्या शिक्षा सदन (त्रिसा) का संस्थापक संगीता श्रेष्ठ र आनका उपसभापति, रोटरी क्लब पोखराका पूर्व अध्यक्ष तथा डिस्ट्रिक ३२९२ रोटरी नेपालका एसिस्टेन्ट गभर्नर राजेन्द्र श्रेष्ठ सहभागी थिए ।

आइकिडो आइकिकाई संघ नेपालले १३ वर्षदेखि नेपालमा यस खेलको प्रशिक्षण दिँदै र खेललाई विस्तारित गर्दै आएको छ । यो कलालाई नेपालमा भित्र्याउन अर्जुन श्रेष्ठको मुख्य भूमिका रहेको संघको भनाइ छ । आइकिडो आइकिकाई संघ नेपालले काठमाडौं, पोखरा, तनहुँ लगायत नेपालको विभिन्न स्थानहरुमा र विद्यालयहरुमा निरन्तर प्रशिक्षण दिँदै आएको छ ।

## तिवारी आत्मोन्नतिमा मिलन

लेखनाथ, ४ माघ (समाधान)-तिवारी आत्मोन्नति समाजको अध्यक्षमा मिलन तिवारी चयन भएका छन । संस्थाको २४ औं साधारण सभा तथा १५ औं अधिवेशनले तिवारीलाई अध्यक्ष चयन गरेको हो ।

समितिको उपाध्यक्षमा सुरेन्द्रबाबु तिवारी, सचिव रवीन्द्र तिवारी, कोषाध्यक्ष भरत तिवारी, सहसचिव ईन्द्र तिवारी, सदस्यमा माधवप्रसाद तिवारी, सन्तोष तिवारी, प्रकाशचन्द्र तिवारी र गोपि तिवारी छन् । कार्यक्रम संस्थाका अध्यक्ष विश्वनाथ तिवारीको अध्यक्षतामा भएको थियो ।

## 'जातीय भेदभाव गर्नेलाई कडा सजाय देऊ'



**समाधान संवाददाता**
पोखरा, ४ माघ

नेपाल उत्पीडित जातीय मुक्ति समाज कास्कीले देशव्यापी रुपमा जातीय विभेद तथा छुवाछुतका घटना बढेकोमा चिन्ता जनाएको छ । त्यस्ता घटनाको निश्पक्ष छानबिन गरी दोषीलाई कानुनी कारवाहीको दायरामा ल्याउन नेपाल सरकारसमक्ष माग गरिएको छ ।

विभेदका घटनाको सथ्यतथ्य छानबिन गरी दोषीलाई हदैसम्मको सजाय दिलाउन र पीडितलाई क्षतिपूर्तिसहित न्याय दिलाउन समाजको माग छ । समाजले कास्कीका प्रमुख जिल्ला अधिकारी जयनारायण आचार्यमार्फत् प्रधानमन्त्री शेरबहादुर देउवालाई पठाएको ज्ञापनपत्रमा छुवाछुतकै कारण दलितको निर्मम हत्या भएको र दोषीलाई पक्राउ र छानबिन गर्ने सरकारी संयन्त्रलाई असफल बनाइएको आरोप लगाइएको छ ।

मुक्ति समाज कास्की अध्यक्ष दामबहादुर विश्वकर्माले अन्तरजातीय विवाहका कारण दलित समुदायले निर्मम यातना तथा ज्यान गुमाउनु परेको जनाए । अन्तरजातीय विवाह गर्ने दलित समुदायले अपमानित भएर समाजमा जीवनयापन गर्नु परेको उल्लेख गर्दै उनले त्यस्ता घटनाका दोषीलाई कानुनी कारवाहीको दायरामा ल्याउन र पीडितलाई समाजमा सम्मानित जीवन यापनको वातावरण बनाउन माग गरे ।

मुक्ति समाजका केन्द्रीय सचिवालय सदस्य तथा गण्डकी प्रदेश अध्यक्ष धनबहादुर नेपालीले जातीय भेदभाव तथा छुवाछुतसम्बन्धी अपराधमा कम्तीमा ३ देखि १० वर्षसम्म सजाय र १ देखि ५ लाखसम्म क्षतिपूर्ती दिलाउन र प्रमाणको भार प्रतिवादीमा रहने गरी ऐन संशोधन गर्न माग गरे । उनले नेपाल सरकारद्वारा घोषित जेठ २१ गतेलाई जातीय भेदभाव तथा छुवाछुत उन्मुलन दिवसलाई ३ तहका सरकारले आवश्यक बजेटको व्यवस्था गरी राज्यका सबैत हबाट भव्य रुपमा मनाउन आग्रह गरे ।

नेपालको संविधान, ऐन, कानुन र राजनीतिक प्रणालीमा उल्लेखनीय परिवर्तन भए पनि दलित समुदायको पक्षमा शासकीय चरित्र तथा सामाजिक संरचनामा सही तरिकाले कार्यान्वयन हुन नसकेको नेपालीको भनाइ छ । सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाज निर्माण गर्ने संकल्पलाई लिपिवद्ध गर्न उनले आग्रह गरे ।

ज्ञापनपत्रमा जातीय भेदभाव तथा छुवाछुत कसुर र सजाय ऐन २०६८को प्रभावकारी कार्यान्वयनका लागि सबै सरकारी वकिल कार्यालय, प्रहरी कार्यालय तथा सरोकारवालालाई सशक्तीकरणका लागि राष्ट्रिय अभियान थाल्न माग गरिएको छ । 'सबै प्रहरी कार्यालयमा छुट्टै दलित सेलको व्यवस्था तथा स्थानीय तहमा छुवाछुत निगरानी केन्द्र स्थापना गरी प्रभावकारी कार्यान्वयन गरियोस्,' ज्ञापनपत्रमा भनिएको छ, 'प्रधानमन्त्रीको संयोजकत्वमा रहेको जातीय भेदभाव अन्त्य एवं दलितको अधिकार प्रवर्द्धन संयन्त्रलाई क्रियाशील गराइयोस् ।' ज्ञापनपत्रमा संवैधानिक व्यवस्था अनुसार भूमिहीन दलित सुकुम्बासीलाई जमिन उपलब्ध गराउनसमेत माग गरिएको छ ।

राज्यका नीति अनुरुप आधारभूत तहदेखि उच्च तथा प्राविधिक शिक्षाको क्षेत्रमा छात्रवृत्तिको व्यवस्था गर्न आग्रह गर्दै ज्ञापनपत्रमा सरकारी नीति अनुसार विदेशमा उच्च शिक्षा पढ्न पाउने छात्रवृत्ति कोटामा दलितलाई प्राथमिकतामा राख्न अनुरोध गरिएको छ । ज्ञापनपत्रमा सबै प्रदेश र स्थानीय तहमा एकीकृत दलित सशक्तीकरण ऐन निर्माण गरी कार्यान्वयनमा ल्याउन माग गरिएको छ । राष्ट्रिय दलित आयोगलाई प्रभावकारी बनाउन अनुरोध गर्दै ज्ञापनपत्रमा उत्पीडित दलित विकास समिति र बादी विकास समितिलाई पूर्णता दिन आग्रह गरिएको छ ।

'संविधान र कानुनको कार्यान्वयनसहित दलित अधिकारको सम्बोधन, जातीय भेदभाव तथा छुवाछुत अन्त्यका लागि राष्ट्रिय अभियान' भन्ने नाराका साथ मुक्ति समाजले विगतका आन्दोलनका उपलब्धिको रक्षा तथा संविधानमा व्यवस्था भएका हक, अधिकारहरुको अक्षरंश पालना र कार्यन्वयनका लागि दवाबमूलक कार्यक्रम गर्दै आएको छ ।

## नाटक महोत्सवमा १२ नाटक

**समाधान संवाददाता**
पोखरा, ४ माघ



पोखरा थिएटरले आयोजना गरेको दोस्रो संस्करणको गण्डकी प्रदेश स्तरीय विद्यालय नाटक महोत्सवमा अन्तिम चरणको लागि १२ नाटक छनोट भएका छन् । महोत्सवका लागि प्राप्त २४ नाटक मध्येबाट पहिलो चरणमा १६ नाटक छनोट गरिएको थियो ।

छनोट भएका १६ नाटकबाट अन्तिम चरणका लागि १२ नाटक छनोट गरिएको महोत्सव संयोजकसमेत रहेका पोखरा थिएटरका अध्यक्ष परिवर्तनले जानकारी दिए । 'नाटक छनोटका लागि पुस २६ गतेबाट माघ २ गतेसम्म विभिन्न जिल्लामा गएर अवलोकन गरिएको थियो । यसअघि अन्तिम चरणमा १० नाटक छनोट गर्ने भनिए पनि नाटकको प्रस्तुतिका आधारमा थप २ नाटकलाई प्रोत्साहन स्वरुप छनोट गरिएको हो ।

नाटक छनोटका लागि वरिष्ठ कलाकार प्रकाश घिमिरेको संयोजकत्वमा ३ सदस्यीय निर्णायक समिति बनाइएको थियो । सदस्यमा निर्देशक तथा कलाकार माओत्से गुरुङ र कलाकार प्रमिला तुलाचन थिए । उनीहरुले सम्बन्धित ठाउँमा पुगेर नाटकको अवलोकन गरेर उत्कृष्ट १२ छनोट गरेका हुन् ।

अन्तिम चरणका लागि नवलपुर जिल्लाबाट सबैभन्दा धेरै तीन नाटक छनोटमा परेका छन् । जसमा लीलाबहादुर भण्डारीको लेखन तथा निर्देशनमा कुमारी प्राविको हराएको खुसी, खगराज सापकोटाको लेखन तथा निर्देशनमा त्रिभुवन बाल माध्यमिक विद्यालयको जिम्मेवार को र अनामिका सापकोटाको लेखन तथा कमला कँडेलको निर्देशनमा बरचुली माध्यमिक विद्यालयको सक्षम छात्रा नाटक छन् ।

कास्की जिल्लाबाट २ नाटक छनोटमा परेका छन् । मनोज अधिकारीको लेखन तथा सोनिया कार्की खत्रीको निर्देशनमा भानुभक्त आवासीय माध्यमिक विद्यालयको शान्तिको अशान्ति शीर्षकको नाटक रसुनिता ज्ञवालीको लेखन तथा निर्देशनमा धर्मस्थली आधारभूत विद्यालयको आरोह अवरोह नाटक छानिएका छन् ।

लमजुङबाट भरत रानाको लेखन तथा निर्देशनमा युनिभर्सल एकेडेमीको धनबहादुर र सूर्यबहादुर केसीको लेखन तथा पशुपति न्यौपानेको निर्देशनमा विद्याज्योति माध्यमिक विद्यालय सुन्दरबजारको जीउँदा लासहरु नाटक छानिएका छन् । तनहुँ जिल्लाबाट टुकादेवी पौडेलको लेखन तथा निर्देशनमा पञ्चमुनिदेव माध्यमिक विद्यालयको नाम बिनाको चिर्कटो छनोट भएको छ ।

गोरखाबाट अनिता देसाईको लेखन तथा सुरेन्द्र देवकोटाको नाट्य रुपान्तरण एवं निर्देशनमा शक्ति माध्यमिक विद्यालयको एक समर्पित छोरा शीर्षकको नाटक अन्तिम छनोटमा पर्न सफल भएको छ । म्याग्दीबाट बेनी सामुदायिक माध्यमिक विद्यालयको बाल विवाह शीर्षकको नाटक छनोट भएको छ । कर्ण बस्यालले लेखेको यस नाटकलाई रामचन्द्र पौड्यालले निर्देशन गरेका छन् ।

बागलुङ जिल्लाबाट कालीगण्डकी आवासीय माध्यमिक विद्यालयको विदेशिनु पर्दाको पीडा शिर्षकको नाटक छनोट भएको छ । जीवननाथ शर्मा रेग्मीको लेखन तथा अर्जुन थापाको निर्देशनमा यो नाटक तयार भएको छ ।

पर्वत जिल्लाबाट न्यु होराइजन आवासीय माध्यमिक विद्यालयको मेरो समाजमा नारी शीर्षकको नाटक छनोटमा परेको छ । मिना रेग्मीको लेखन रहेको नाटकलाई रेजिना मल्लले निर्देशन गरेकी छन् ।

छनोट भएका नाटक मञ्चन हुने मिति भने पछाडि सरेको छ । यसअगाडि माघ ११ गतेदेखि १५ गतेसम्म पोखरा थिएटरको गन्धर्व नाटकघरमा मञ्चन गरिने भनिएकोमा कोरोना संक्रमण पुनः बढेकाले मिति सारिएको हो । परिस्थिति सहज हुनेबित्तिकै नयाँ मिति तय हुने आयोजकले जनाएको छ ।

'विद्यालयमा रंगमञ्च, अर्थपूर्ण बाल सहभागिताको आधार' भन्ने नाराका आयोजना गरिएको महोत्सवमा गण्डकी प्रज्ञा प्रतिष्ठानको प्रमुख सहकार्य एवं नेपाल संगीत था नाट्य-प्रज्ञा प्रतिष्ठान काठमाडौं र पोखरा प्रज्ञा प्रतिष्ठान पोखराले सहकार्य गरेका छन् ।

**कर्मचारी आवश्यकता**

यस सुलभ डिपार्टमेन्टल स्टोर्स, लेकसाइडको लागि निम्न कर्मचारीको आवश्यकता परेको हुँदा इच्छुक व्यक्तिले आफ्नो वायोडाटासहित तुरुन्त सम्पर्क गर्नुहोला ।

एकाउन्टेन – १ जना
मार्केटिङ म्यानेजर– १ जना
फ्लोर सुपरभाइजर– १ जना
(सम्बन्धित काममा कम्तिमा ३ वर्षको अनुभव भएको)

सम्पर्क :
सुलभ डिपार्टमेन्टल स्टोर्स
लेकसाइड, पोखरा, फोन नं. ९८५६०६५००२
sulavcooperative@gmail.com

**आगो वा हिटर प्रयोगमा होसियारी अपनाऔं।**

» झ्याल, ढोका थुनेर आगो वा हिटर नबालौं,
» सुत्ने बेला बालेको आगो वा हिटर निभाऔं,
» आगो वा हिटर बालबालिकाको पहुँचभन्दा पर राखौं,
» हावाको उचित ओहोरदोहोर हुनेगरी मात्र आगो वा हिटर बालौं,
» सकेसम्म बाथरुममा ग्यास गिजरको प्रयोग नगरौ । गर्नै परेमा भेन्टिलेसन खुला राखौं ।
» झ्यालढोका थुनेर आगो वा हिटर प्रयोग गर्दा अक्सिजनको कमी हुन गई ज्यान जान सक्दछ ।

नेपाल सरकार
विज्ञापन बोर्ड

**समाधान मिडिया प्रालिका लागि अध्यक्ष** : उमानाथ बराल, **प्रधान सम्पादक** : रामकृष्ण ज्ञवाली, **कार्यालयः** नयाँबजार, पोखरा, फोन : ०६१-५८८९७७, ५७६६६८, **Email: Ad: samadhanpkr@gmail.com** | News: samadhandainik@gmail.com | www.samadhannews.com